# पहिलो सिनेमा घरको कथा

# ‘फस्ट सो’ मा सधैँ राजा

**लोकरञ्जन पराजुली**

नेपालमा सिनेमा प्रदर्शनीको इतिहास खोतल्दा राणा प्रधानमन्त्री देवशमशेरको शासनकालमा पुगिन्छ । उनी र उनकी श्रीमतीको सिन्दूर-यात्रा क्रममा टुँडिखेलमा सामान्यजनलाई सिनेमा देखाइएको कुरा *गोरखापत्र*को पहिलो र तेस्रो अंकबाट थाहा पाइन्छ । ००२ मा प्रधानमन्त्री बनेका पद्मशमशेरले आफू शासनारुढ भएपछि विद्यार्थीलाई आफ्नो निजी थिएटरमा केही सिनेमा देखाएका थिए ।

पद्मशमशेरलाई निर्वासित हुन बाध्य तुल्याएर ००६ मा मोहनशमशेर सत्तारुढ भए । शासनसत्ता हातमा लिएपछि भएको आफ्नो सिन्दुर-यात्राका अवसरमा मोहनशमशेरले दिएको वक्तव्य र त्यसको केही महिनापछि जन्मोत्सवमा दिएको वक्तव्यमा सिनेमा घर स्थापना गर्ने कुरा नपरे पनि उनैको पालामा सिनेमा नेपालमा सार्वजनिक उपभोगको साधन बन्यो । ‘काठमाडौँ सिनेमा भवन’ को स्थापना गरेर व्यापारिक हिसाबले हिजोआजजस्तो सिनेमाको टिकट बेचेर सिनेमा देखाउने प्रबन्ध भयो ।



टुडिखेळ मा तमाशा.

श्री ३ महाराज बाट वेदाम्मा दुनिआ हरुले हेर्न पाउन् भनी टुडिखेळ मा प्रोजेक्टास्कोप् अर्थात् मानिस ले चलफिर गर्न्ये को सब काम तसवीर बाट सोही बमोजीम दुरुस्त देखिन्या तमासा चैशाख गते २६ बुधवार देखि हुनेछ. सो तमाशा हेर्नलाई अगाडि केटा केटि हरू, ताहाँपछि नीज केटा केटी हरू का आमा हरू, वाहाँपछि लोग्ने मानिस हरू ताहाँपछि वग्गी मा आउने हरू अरु लाई न छेकने गरी रहने छन्.

यो पहिलो सिनेमा हलको नाम, स्थापना मिति र स्वामित्वबारे यसअघि प्रकाशित सामग्रीमा मतैक्य देखिन्न । म्युनिसिपलिटी अड्डा (गोश्वारा) मातहत रहने र आम्दानी पनि म्युनिसिपलिटीलाई नै जाने गरी तात्कालिक सरकारले काठमाडौँ सिनेमा भवन (जनसेवा हल) स्थापना गरेको थियो । २६ मंसिर ००६ मा उद्घाटन गरिएको यो हलमा देखाइएको पहिलो सिनेमा *रामविवाह* थियो ।

२७ मंसिरको *गोरखापत्र*मा ‘काठमाडौँमा सिनेमा उद्घाटन’ शीर्षकमा पहिलो पातोमा प्रकाशित समाचारले सो सिनेमा हलबारे थप प्रस्ट्याउँछ :

काठमाडौँ, मार्ग २६ गते । आज काठमाडौँ सिनेमा भवनमा सिनेमा प्रदर्शनको काम भयो । त्यस भवनवरिपरि रंगीचंगी ध्वजापताकाहरू टाँगिएका थिए । पस्ने ढोकामा रातो तुलमा सेतो अक्षरले श्री ३ महाराजको जय भन्ने लेखिएको थियो । भवनभित्र ठाउँठाउँमा सुशोभित पूर्ण कलशहरू राखिएका थिए । सरोकारवाला अड्डाका कर्मचारीहरूद्वारा *रामविवाह* भन्ने सिनेमाको उद्घाटन भयो । सिनेमा भवनको भित्री भागको सजधज एउटा प्रसिद्ध सिनेमा भवनको दाँजोमा दाँज्न सकिन्थ्यो । यस तमासाको दर्शनले सबैको चेहरा बडो प्रफुल्लित देखिन्थ्यो । भवनअगाडि चौरमा पनि धेरै मानिस जम्मा भएका थिए । दिनको २ पटकका दरले सिनेमा देखाउने प्रबन्ध भएको छ । (*गोरखापत्र*, २००६/८/२७/१)

### प्रदर्शनीको पूर्वतयारी

राणा प्रशासनको उच्च ओहोदामा रहेका भीमबहादुर पाँडेले आफ्नो पुस्तक *त्यस बखतको नेपाल* चौथो भागमा नेपालमा सिनेमा हल स्थापनासम्बन्धी भएको छलफलबारे उल्लेख गरेका छन् ।

००६ भदौतिर नेपालमा सर्वप्रथम सिनेमा हल खोल्ने निधो लागेकाले श्री ३ मोहनका सबैजसो भित्रिया, आशामुखी र सेनामेनाहरूको सिनेमा हल खोल्ने इजाजतलाई हुकुम प्रमांगीका लागि बिन्तीपत्र परे । धेरैजसो निवेदकहरू प्रधानमन्त्रीले हार्नै नहुने खालका मानिस हुँदा, सिनेमाको लाइसेन्स एकलाई दिँदा अर्को ठुस्सिने सम्भव देखी, श्री ३ महाराज अलपत्र परेको बेला उद्योग परिषद्का तालुकवाला मे.ज. विजयले नेपालमा सिनेमा हल सरकारी क्षेत्रमा खोल्ने, त्यसबाट हुन आउने सबै आम्दानी नगर विकासलाई सहायतास्वरूप हस्तान्तर गर्ने र उद्योग परिषद्मार्फत सिनेमा चलाउने सुझाव पेस गरे । सो तुरुन्तै स्वीकार भयो । (पाँडे २०७१, पृ ११०)

पाँडेका अनुसार तत्कालीन म्युनिसिपलिटीका सचिव सुब्बा अनंगमान शेरचन साविकको सभागृह (हाल विशालबजार महानगरीय प्रहरी वृत्त, जनसेवा रहेको स्थान) वा टाउनहललाई सिनेमा हलमा परिणत गर्न खटिएका थिए ।

प्रदर्शनी सुरु हुनु केहीअघि १ मंसिरको *गोरखापत्र*मा ‘सिनेमा’ शीर्षकमा एउटा सम्पादकीय छापिएको छ । सम्पादकीयले सिनेमाको सार्वजनिक प्रदर्शनी हुने मितिको पनि जानकारी दिन्छ- ‘वर्तमान दूरदर्शी श्री ३ महाराजले ‘मुलुकले फायदा उठाओस्’ भन्नाका निम्ति यही मंसीर २६ गतेदेखि म्युनिसिपलिटी अड्डाको मातहतमा टिकटबाट सिनेमा देखाउने प्रबन्ध गराइबक्सेको छ । चाहिने रुपियाँको निकासा र देखाउने ठाउँको (?) बरबन्दोबस्त पनि भइसकेको खबर छ ।’

सोही सम्पादकीयमा उल्लेख भएअनुसार ‘सिनेमा घरको क्याम्पभित्र पसल थाप्न मानिसहरू तँछाडमछाड गरेर’ लागिसकेका थिए (*गोरखापत्र*, २००६/८/१/२) ।’ जनाना गेट किपरदेखि टिकट सेलर र मेनेजरसम्म गरी जम्मा २५ जवान कर्मचारीको खोजी गरिएको सो ‘सरकारी सूचना’

मा भनिएको छ, 'म्युनिसिपल गोश्वाराको मातहत र रेखदेखमा जुद्धसडक सभागृहमा खुलाउने गरिबक्सेको पब्लिक सिनेमाको काम निमित्त तपसिलबमोजिमका कामदारहरूको दर्कार भएकाले यो सूचना प्रकाश गर्ने काम भएको छ।' यी कर्मचारीको तलबमान वार्षिक मोहरु १८० (गेट किपर) देखि १५०० (मेनेजर) सम्मको तोकिएको थियो। सिनेमा हलको पहिलो मेनेजरमा नरबहादुर थापा, बीए नियुक्त गरिए। सहायक मेनेजरमा रामप्रसाद रिमालले नियुक्ति पाए।

सम्पादकीयमा उल्लेख भएझैं व्यापारीहरू सिनेमा हलको कम्पाउन्डभित्र पसल थाप्न प्रयत्न गरिरहेको तथ्य सो पत्रिकामा छापिएका वहालमा दिनेसम्बन्धी सूचनाबाट पनि प्रस्टिन्छ। सूचनाअनुसार 'जुद्धसडक सभागृहमा पब्लिक सिनेमा खुलाइबक्सने भन्ने बुझिएकाले सो सभागृहको कम्पाउन्डभित्र चुरोट पानसुपारी (?), चियारोटी इत्यादिको पसल राख्न पाऊँ, लाग्ने सलामी बुझाउँछु भन्नेसमेत बेहोराको धेरैको बिन्तीपत्र दरखास्त परेको' थियो। जम्मा नौ वटा पसल कवल बहालमा दिनका लागि उपलब्ध थिए र तिनमा पानसुपारी खाने मसला, चुरोट, सलाई, दूध, चिया, बिस्कुट, मिठाई, रोटी, सोडा, मीठा पानी, सिरप आइसक्रिम इत्यादि बजार दरमा नबढाई बिक्री गर्न पाइन्थ्यो (*गोरखापत्र*, २००६/८/१०/१)।

## के-कति र कस्ता सिनेमा ?

यसरी तयारी गरिसकेपछि *रामविवाह* नामक सिनेमाबाट काठमाडौं सिनेमा भवनमा चलचित्रको व्यापारिक प्रदर्शन प्रारम्भ भएको माथि उल्लेख भइसक्यो। प्रेम अदिबले निर्देशन गरेको र सन् १९४९ मा निर्मित यो धार्मिक सिनेमा करिब तीन साता काठमाडौंमा चलेको थियो। यसपछि *सम्राट अशोक* नामक सिनेमा प्रदर्शनी गरियो। सन् १९४७ मा निर्मित र केबी लाल निर्देशित यो चलचित्र अघिल्लोभन्दा अलि बढी दिन (करिब एक महिना) चल्यो। यद्यपि, यसलगत्तै लागेको जेके नन्दा निर्देशित फिल्म *परवाना* दुई साता मात्र चल्यो। यो सिनेमा देखाउने बेला 'सेन्सर' या काँटछाँट गरिएको हल्लासमेत चलेको थियो।


काठमाडौं सिनेमा भ..न जुद्ध सडक ( [illegible] सभागृह )

देखाइने समय दिउँसो १२ बजे देखि २॥ बजेसम्म र संध्या ४॥ देखि ७ बजे सम्म.

विभिन्न टिकटको प्रति सीटलाई:-

| | |
|---|---|
| बक्स | ५। |
| फष्ट क्लास | २।५० |
| सेकेण्ड क्लास . | १।५० |
| थर्ड क्लास | १। |
| फोर्थ क्लास | ।५० |

मङ्गलबार र शनिबारको दिउँसोको १२ बजे स महिला वर्गको निमित्त मात्र देखाइने छ। सँौ वाहेक अघि प-छलाई सेकेण्ड क्लास र सं। देखि माथिका दर्शक सम्मले आफ्नो जहानलाई साथमा लान देखाउन हुन्छ।

बीचमा केही दिन बिजुली र अन्य कारण (जस्तै, मृत्युशोक) ले स्थगित भएबाहेक यो हलमा निरन्तर हिन्दी सिनेमा देखाइयो। स्थापनादेखि ००७ को अन्त्यसम्म कम्तीमा २२ वटा सिनेमा यो हलमा देखाइएको पाइन्छ। थोरैमा १० देखि बढीमा ३३ दिनसम्म एउटा सिनेमा प्रदर्शन भएको देखिन्छ। औसतमा १९.५ दिन एउटा सिनेमा काठमाडौंमा लाग्ने गरेको थाहा हुन्छ।

काठमाडौंमा चलेका सिनेमालाई तिनको कथावस्तुका आधारमा बाँडेर हेर्ने हो भने एक तिहाइ धार्मिक र ऐतिहासिक विषयवस्तुमा केन्द्रित सिनेमा देखाइएका थिए। बाँकी दुई तिहाइ सिनेमाका विषयवस्तु प्रेम, रोमान्स र अन्य सामाजिक विषय थिए, केही त रिलिज भएको वर्ष धेरै पैसा कमाएका (हिट) सिनेमासमेत थिए।

राणा शासकले सिनेमाको विषयवस्तुमा अलि बढी नै ध्यान दिएका थिए। उनीहरूले खासमा 'उपयुक्त' अर्थात् धार्मिक र शिक्षाप्रद सिनेमा आफ्ना रैतीजनलाई देखाउन चाहेका पनि थिए। तर राणाकालमा प्रदर्शित सिनेमाको विवरणले उनीहरूको सो ध्येय पूरा नै भएको चाहिँ देखाउँदैन।

काठमाडौंको सिनेमा हलमा सिनेमा देखाउँदा सँगसँगै निकट भविष्यमा देखाइने सिनेमाका ट्रेलर र अन्य विभिन्न छोटा डकुमेन्ट्रीहरू पनि देखाइन्थे। यस्ता डकुमेन्ट्रीमा धेरै अंग्रेजी, केही हिन्दी र एउटा नेपालीसमेत थिए। प्राइभेट लाइफ अफ सिल्क वर्म, ओलम्पिक, ह्यान्डीक्राफ्ट अफ इन्डियालगायत अन्य विदेशी डकुमेन्ट्री प्रदर्शन गरिएका थिए। मोहनशमशेरले गरेको भारत भ्रमणसम्बन्धी डकुमेन्ट्री पनि प्रदर्शन गरिएको थियो, जसलाई सम्भवतः नेपालको पहिलो वृत्तचित्र पनि भन्न मिल्ला। यस्ता वृत्तचित्रबाहेक सिनेमा सुरु हुनुअघि स्लाइड पनि देखाइन्थे। यस्ता स्लाइड विज्ञापनको रूपमा देखाइने गरेको र त्यस्तो स्लाइड सोको मूल्यसूचीसमेत *गोरखापत्र*मा प्रकाशित छ।

## टिकट र कालोबजारी

काठमाडौं सिनेमा भवनमा सिनेमाको 'खेला' सुरु हुँदा दिनको दुई 'सो' देखाइन्थ्यो। यो कहिले बढेर तीन सो र कहिले फेरि दुई सोमा झर्थ्यो। प्रारम्भमा पहिलो सो १२ बजेदेखि अढाइ बजेसम्म र दोस्रो सो ४ बजेदेखि साढे ७ बजेसम्म तोकिएको थियो। यो सो समय पनि समय-समयमा परिवर्तन भएको *गोरखापत्र*मा प्रकाशित सूचनाहरूबाट थाहा पाइन्छ।

प्रारम्भमा श्रेणी हेरी ५० पैसादेखि पाँच रुपैयाँसम्म सिनेमाको टिकट दर तोकिएको थियो, जुन तुलनात्मक रूपमा अहिलेभन्दा महँगो हो। पहिलोदेखि चौथोसम्म र बक्ससहित पाँच श्रेणी थिए। बक्सचाहिँ राजपरिवार, राणा परिवार तथा उच्च तहका कर्मचारीका लागि मात्र थियो। राजपरिवार अथवा राणा-शासक परिवार नआउने खण्डमा मात्र उच्च तहका गैरशाह-राणा कर्मचारीले त्यहाँ पहुँच पाउँथे। भीमबहादुर पाँडेका अनुसार नयाँ फिल्म लाग्नासाथ तत्कालीन राजा त्रिभुवन सिनेमा हेर्न पुग्थे, कुनै फिल्म छुटाउन्नथे।

*गोरखापत्र*मा छापिएको एउटा सूचनाले बक्स सिटबारे थप प्रस्ट्याउँछ- '००७ सालदेखि श्री ५ सरकार र श्री ३ सरकारका ७ सिटे रायल बक्समा पनि खेल सुरु हुने। आधा घन्टासम्म पनि मौसुफहरूको सवारी हुने जनाउ नआएमा १७ भाइ राणाजी, गुरु पुरोहित र अरूमा हिराको चाँद दर्जासम्मले पूरै सिट लिएमा दिने भएको यो सूचना दिइएको छ।' (*गोरखापत्र*, २००७/१/३/४)। पहिले पाँच श्रेणी भए पनि पछिबाट बाल्कोनी तह थपिएको थियो।

तुलनात्मक रूपमा सिनेमाको टिकटको मूल्य महँगै भए पनि कतिपय सिनेमा देखाउँदा त्यतिबेलै टिकटको 'कालोबजारी' (तीन गुणासम्म) र झैझगडासमेत हुन्थे। खासगरी ००७ को परिवर्तनपछि सहरमा अरू सिनेमा घर पनि खुलेका र सम्भवतः प्रतिस्पर्धाका कारण प्रतिटिकट मूल्यमा कमी आएको थियो।

सम्भवतः भीडभाड, होहल्ला, झैझगडा र कालोबजारी रोक्न सिनेमा टिकटको अग्रिम बुकिङको समेत व्यवस्था थियो। यस्तो बुकिङ सो सुरु हुनु केही घन्टाअगाडि खुला गरिन्थ्यो। तर अग्रिम बुकिङको व्यवस्था भए पनि त्यसले टिकटको कालोबजारीलाई छेक्न सक्थेन। केही सिनेमाको प्रदर्शनी क्रममा गोलमाल भएको थियो। कालोबजारी गर्ने केहीलाई प्रहरीले समातेर खोरमा समेत पुऱ्याएको थियो।

एक पटक त स्वयं सिनेमा हलका कर्मचारीले टिकट लुकाएर कालोबजारी गरेको

हल्ला चलेपछि गोलमाल भएको थियो । *गोरखापत्र*मा लेखिएको छ- 'आज काठमाडौं सिनेमा हलमा तेस्रा सोको बालकोनीको टिकट जनतालाई बिक्री नगरी ब्लाक गर्‍यो भन्ने निहुँले बडो गोलमाल भएको खबर छ ।' (२००७/१२/२७/४)

कालोबजारी गरेको आरोपमा प्रहरीले स-साना उमेरका केटा पनि पक्डन्थ्यो । खासगरी गैरधार्मिक सिनेमा (जस्तै, *सुनहरे दिन, स्वयंसिद्धा, शवनम* आदि) लाग्दा टिकटको कालोबजारी हुन्थ्यो । कालोबजारीसम्बन्धी समाचार *गोरखापत्र*मा छापिएका बेला कुन सिनेमा चलिरहेको थियो भनेर केलाउँदा यो तथ्य खुल्छ ।

## दर्शक को-कस्ता ?

*गोरखापत्र*का सामग्री र अन्य द्वितीय स्रोत-सामग्रीको अध्ययनबाट नेपालको पहिलो सिनेमा घरका दर्शकबारे खासै थाहा हुँदैन । माथिल्ला श्रेणीका टिकट दर अलि महँगो भएकाले अलि हुनेखानेले मात्रै हेर्थे कि भन्न पनि सकिएला । तर तल्लो श्रेणीका टिकट दर 'त्यति धेरै महँगो' नभएको र खासगरी गरिब-गुरुवाले पनि सिनेमालाई मनोरन्जनको साधन बनाएको देखिएकाले काठमाडौं सिनेमा भवन पनि कुनै वर्ग-विशेषको मात्रै 'प्रेरोगेटिभ' थिएन ।

हर्ष महर्जनले २००७ सम्म 'कथित अछूत' हरूलाई सिनेमा हेर्न निषेध गरिएको उल्लेख गरेका छन् । तर उनले सो तथ्यको स्रोत खुलाएका छैनन् । भीमबहादुर पाँडेका अनुसार सिनेमा 'हरेक वर्गका मानिसलाई' लोकप्रिय थियो । उपलब्ध तथ्यहरूले सिनेमा हेर्नमा जातविशेषलाई वञ्चित गरेको संकेत मिल्दैन ।


सूचना

विद्यार्थीहरूले पढ्न छली सिनेमा हेर्न आएको बेहोरा जाहेर हुँदा उद्योग-परिषद्का श्री डाइरेक्टर जनरलसाहेबबाट अघिपछिको 'शो' मा आफ्नै गार्जियनले नै साथमा ल्याएमा र बिदाको दिनमा दिउँसोको 'शो' बाहेक १६ वर्षमुनिका विद्यार्थी केटाकेटीलाई सिनेमा नदेखाउने प्रबन्ध मिलाउनू भन्ने आडर बक्स भई आएकाले सोबमोजिम मात्र [illegible]मुनिका विद्यार्थी केटाकेटी-लाई सिनेमा देखाइनेछ ।

नेपालको पहिलो सिनेमा घरमा प्रारम्भदेखि नै महिला दर्शकलाई पनि सिनेमा हेर्नबाट रोक लगाइएको थिएन । तथापि, केही बाधा-बन्देज अवश्य राखिएको थियो । सिनेमा घर उद्घाटन हुनुअघि २४ मंसिरको *गोरखापत्र*मा छापिएको सूचनामा भनिएको थियो- 'मंगलबार र शनिबारको दिउँसोको १२ बजे सो महिला वर्गको निमित्त मात्र देखाइनेछ । सोबाहेक अघिपछिलाई सेकेन्ड क्लास र सोदेखि माथिका दर्शकसम्मले आफ्नो जहानलाई साथमा लान देखाउन हुन्छ ।' (२००६/८/२४/१)

यो सूचनाले महिला एक्लैलाई तोकिएको दिनबाहेक अन्य दिन सिनेमा हेर्नबाट रोक्छ । त्यस्तै, माथिल्लो श्रेणीकाले आफ्ना 'जहान' लाई सिनेमा देखाउन पाए पनि तल्लो तहकालाई भने त्यो सुविधा यसले दिँदैन । पछिल्ला दिनमा महिलाका लागि तोकिएका दिनमा परिवर्तन भएको र कुनै बेला साताको एक दिनमा सीमित भएको पनि थियो ।

सिनेमाको टिकट कालोबजारीमा साना उमेरका केटाहरू पनि संलग्न भएको र पक्राउ खाएको कुरा माथि उल्लेख भइसकेको छ । सिनेमाको दर्शकमा पनि साना उमेरका केटा एवं स्कुले विद्यार्थीको संख्या निकै हुन्थे । *गोरखापत्र*मा छापिएको सूचना र आदेशले त्यतै संकेत गर्छ- 'विद्यार्थीहरूले पढ्न छली सिनेमा हेर्न आएको बेहोरा जाहेर हुँदा उद्योग परिषद्का श्री डाइरेक्टर जनरलसाहेबबाट अघिपछिको 'सो' मा आफ्नै गार्जियनले नै साथमा ल्याएमा र बिदाका दिनमा दिउँसोको 'सो' बाहेक १६ वर्षमुनिका विद्यार्थी केटाकेटीलाई सिनेमा नदेखाउने प्रबन्ध मिलाउनू भन्ने आडर बक्स भई आएकाले सोबमोजिम मात्र १६ वर्षमुनिका विद्यार्थी केटाकेटीलाई सिनेमा देखाइनेछ ।' (२००७/८//१९/४)

त्यस्तै, सिनेमा हलको 'क्षमता' बारे पनि थाहा हुँदैन । तर १२ मंसिर, ००७ को *गोरखापत्र*मा सो सिनेमा भवनको टिकट छपाइका लागि ठेक्काको एउटा सूचना छापिएको छ, जसले दर्शक संख्याबारे केही अनुमान गर्न सघाउँछ । विज्ञापनअनुसार सिनेमालाई एक वर्षमा ४,६०,००० रंगी-विरंगी (अर्थात् विभिन्न श्रेणी छुट्याउने) टिकट चाहिने रहेछ । यदि वर्षैभरि सिनेमा देखाउने हो भने एक दिनमा १,२६० टिकट खर्च हुन्छ । यदि दिनमा तीन सो देखाउने हो भने एक सोका लागि ४ सय २० टिकट उपलब्ध हुन्छ । यदि दुई सो देखाउने गरी हिसाब गरिएको भए एक सोमा ६ सय ३० जनासम्मले सिनेमा हेर्न सक्ने देखिन्छ । तसर्थ, सो सिनेमा घरको क्षमता एउटा सोमा ४ सयदेखि ६ सय ५० सिटसम्म भएको अनुमान लगाउन सकिन्छ ।

## अनि प्रजातन्त्र

देवशमशेरको शासनकाल (विसं १९५८) देखि नै विभिन्न समय या उत्सवमा एक्का-दुक्का फिल्म हेर्न केही सामान्य नेपालीले पाए पनि ००७ सम्म सिनेमा मूलतः नेपालका शासक या सम्भ्रान्त वर्गको निजी मनोरन्जनको साधन थियो । मोहनशमशेर शासनारुढ भएपछि नेपालमा व्यापारिक रूपमै सिनेमा प्रदर्शन हुन थाले । र सम्भ्रान्तको मात्र पकडमा रहेको यो मनोरन्जनको साधन शनैःशनैः रैतीहरूको पहुँचमा पुग्यो ।

यो परिवर्तनलाई कुनै खास शासकको लहडको रूपमा होइन कि बदलिँदो आन्तरिक र विश्व राजनीतिक-सामाजिक-आर्थिक परिवेशको सन्दर्भमा बुझ्न जरुरी हुन्छ । सिनेमा-प्रविधिमा भएको प्रगतिले गर्दा छोटो समयमै विश्वभर सिनेमा प्रमुख मनोरन्जनसँगै व्यापारको साधन बन्यो । सिनेमाको चामत्कारिकताबारे सुनेका र चस्का परेका नेपाली युवा आफ्नो सरहदभित्र सोको रसस्वादन गर्न नपाउँदा 'हूलका हूल' बाँधेर सिनेमा हेर्न भारत जान थाले । यसले एक त नेपालको पैसा विदेसिने, अर्को-त्यहाँ 'सबैखाले' सिनेमा हेर्ने, 'अरू नै केही' विचारधारामा दीक्षित हुने या मतिभ्रष्ट हुने र राणा-विरोधी संगठनात्मक गतिविधिमा संलग्न हुने सम्भावनासमेत भएकाले त्यसलाई रोक्न काठमाडौंमै 'धार्मिक एवं शिक्षाप्रद' सिनेमा देखाउन थालिए । त्यसैले मनोरन्जन उद्योगको विस्तारसँगै छिमेकी भारतमा आएका सामाजिक-राजनीतिक परिवर्तन एवं नेपालको आन्तरिक राजनीतिक परिघटना नेपालमा सिनेमा सार्वजनिक पहुँचमा पुग्न जिम्मेवार छन् ।

सिनेमाको अन्तर्वस्तु र त्यसको उपयोग एवं दुरुपयोगबारे शासकहरू सचेत थिए र सोहीअनुरूप नेपालमा सिनेमा सोचीविचारी स्थापना गरिएको हो । तथापि, काठमाडौं सिनेमा घरमा देखाइएको सिनेमाको सूचीले धार्मिक-शैक्षिक सिनेमा मात्र प्रदर्शन गरिएको देखिँदैन, प्यार-मोहब्बतवाला सिनेमाले पनि उत्तिकै ठाउँ पाएको देखिन्छ । यस्ता सिनेमा सार्वजनिक प्रदर्शनीका लागि शासकले खासै नरुचाए पनि ती उस्तो 'क्रान्तिकारी' नभएका र सम्भवतः अरू उपाय नभएकाले ती (सिनेमा) ग्राह्य भए । लगत्तै, ००७ मा राजनीतिक परिवर्तन भयो । यसले गर्दा निजी लगानीकर्ताले व्यवसायको रूपमा सिनेमालाई लिए र मुलुकभर विस्तार भयो । ने

***पराजुली मार्टिन चौतारीका अध्येता हुन् ।***